# व्यवस्थापरक व्याकरण: आधारभूत अवधारणा तथा प्रमुख मान्यता

**शेषकान्त पौडेल**

उप प्राध्यापक

बुटवल बहुमुखी क्याम्पस एवम् दिव्यज्योति क्याम्पस

*लेखसार:*

*व्यवस्थापरक व्याकरण संरचनात्मक भाषावैज्ञानिक अध्बयनकै श्रृङ्खलामा बेलायती भाषाशास्त्री ह्यालिडेले स्थापना गरेको व्याकरणिक सम्प्रदाय हो । यो व्याकरणमा व्यवस्था भन्नाले कुनै पनि भाषाको व्याकरणमा उपलब्ध विकल्पहरूका सूचीमध्ये कुनै एउटा विकल्पको छनौट हो र यस प्रकारका विकल्पहरूको व्यवस्थापन तथा प्रकार्यको विश्लेषणमा केन्द्रित भएकाले यो व्याकरणलाई व्यवस्थापरक व्याकरण भनिएको हो । भाषाको विश्लेषणमा सामाजिक सन्दर्भको प्रयोग गर्ने, भाषिक व्यवस्थाको विश्लेषण गर्ने सन्दर्भमा सैद्धान्तिक र वर्णनात्मक कोटिका माध्यमबाट भाषिक व्यवस्थाको सूक्ष्म विश्लेषण गर्ने, वस्तु रूप र स्थितिजस्ता कार्यमूलक तह तथा अर्न्ततहका माध्यमबाट भाषिक संरचनाको सूक्ष्म विश्लेषण गर्ने र भाषाका प्रकार्यात्मक पक्षको समेत विश्लेषण गर्ने व्याकरणिक सम्प्रदायका रूपमा व्यवस्थापरक व्याकरण स्थापित छ । समग्रमा भन्नुपर्दा भाषाको विश्लेषणमा सामाजिक सन्दर्भको प्रयोग गर्ने, भाषिक व्यवस्थाको विश्लेषण गर्ने सन्दर्भमा सैद्धान्तिक र वर्णनात्मक कोटिका माध्यमबाट भाषिक व्यवस्थाको सूक्ष्म विश्लेषण गर्ने, वस्तु रूप र स्थितिजस्ता कार्यमूलक तह तथा अर्न्ततहका माध्यमबाट भाषिक संरचनाको सूक्ष्म विश्लेषण गर्ने र भाषाका प्रकार्यात्मक पक्षको समेत विश्लेषण गर्ने व्याकरणिक सम्प्रदायका रूपमा व्यवस्थापरक व्याकरणका स्थापना महत्त्वपूर्ण मानिन्छ ।*

*प्रमुख शव्दकुञ्जी:*

*सैद्धान्तिक कोटि, वर्णनात्मक कोटि, एकाइ, संरचना, सूक्ष्मता,*

## विषय परिचय

व्यवस्थापरक व्याकरण: आधारभूत अवधारणा तथा प्रमुख मान्यता शीर्षकको यो लेख व्यवस्थापरक व्याकरणमा प्रस्तुत भएका आधारभूत अवधारणा तथा प्रमुख मान्यताको उद्‌घाटनमा केन्द्रित छ । व्यवस्थापरक व्याकरण संरचनात्मक भाषावैज्ञानिक अध्ययनकै श्रृङ्खलामा विकसित भएको व्याकरणिक सम्प्रदाय हो । प्रस्तुत लेखमा यो सम्प्रदायको परिचय, मानकरण र विशेष गरी ह्यालिडेको *मान तथा कोटि व्याकरणको सिद्धान्त*

नामक कृतिका माध्यमबाट स्थापित भएका आधारभूत मान्यताको विश्लेषण गरिएको छ । विशेष गरी यो सम्प्रदायमा प्रस्तुत भएका वस्तु रूप र स्थितिका आधारमा भाषिक संरचनाको सूक्ष्म विश्लेषण गर्ने, सैद्धान्तिक र वर्णनात्मक कोटि र तिनीहरूलाई एक अर्कामा छुट्याउने मानका आधारमा भाषिक व्यवस्थाको सूक्ष्म विश्लेषण गर्ने, समग्र भाषिक पाठको विश्लेषणका लागि आनुभाविक, तार्किक, अन्तर्वैयक्तिक र पाठात्मक घटकसम्बन्धी धारणा प्रस्तुत गर्नेजस्ता कुराहरू  मौलिक दृष्टिकोण देखिन्छन् । यिनै दृष्टिकोणका आधारमा स्थापित मान्यताको वर्णन तथा विश्लेषण यो लेखमा गरिएको छ ।

भाषाका कार्यमूलक तह र अर्न्ततहको रूपमा वस्तु, रूप र स्थिति, सैद्धान्तिक र वर्णनात्मक कोटिको विश्लेषणका सन्दर्भमा एकाइ, संरचना, वर्ग र व्यवस्था, भाषिक सामग्रीलाई छुट्याउने मानका रूपमा श्रेणी, सूक्ष्मता, गम्भीरता र प्रतिपादन अनि भाषाका कार्यमूलक घटकका रूपमा आनुभाविक घटक, तार्किक घटक, अन्तर्वैयक्तिक घटक र पाठात्मक घटकको चर्चा यो लेखमा गरिएको छ । उल्लेखित विषयका माध्यमबाट व्यवस्थापरक व्याकरणका आधारभूत मान्यताको प्रतिपादन गरेपछि व्यवस्थापरक व्याकरणका अन्य विशेषताहरूलाई समेट्ने विषयलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

## सामग्री सङ्कलन र अध्ययन विधि

प्रस्तुत लेख पुस्तकालयीय विधिबाट प्राप्त सामग्रीका आधारमा तयार गरिएको हो । व्यवस्थापरक व्याकरणको परिचय र मान्यताका सन्दर्भमा अध्ययन गरिएका आधार सामग्रीहरू द्वितीय स्रोतका अध्ययन सामग्री हुन् । सैद्धान्तिक आधारका रूपमा अध्ययन गरिएका सामग्रीहरू पूर्णतः पुस्तकालयीय विधिमा केन्द्रित छन् । अध्ययन विश्लेषणका क्रममा उपयोग गरिएका भाषिक सामग्रीका रूपमा प्रचलित नेपाली भाषाको उपयोग गरिएको छ । अध्ययन विधिका रूपमा विश्लेषणात्मक तथा वर्णनात्मक विधिलाई नै प्रमुख विधिका रूपमा अपनाइएको छ ।

## सैद्धान्तिक अवधारणा

व्यवस्थापरक व्याकरणः आधारभूत अवधारणा तथा प्रमुख मान्यता शीर्षकको यो लेख मूलतः सैद्धान्तिक विषयवस्तुको वर्णन तथा विश्लेषणमा केन्द्रित लेख हो । यस लेखमा बेलायती भाषाशास्त्री ह्यालिडेले स्थापना गरेको व्यवस्थापरक व्याकरणका प्रमुख मान्यताका आधारमा यसका आधारभूत सैद्धान्तिक अवधारणा प्रस्तुत गरिएको छ । फर्थका भाषा चिन्तनको पृष्ठभूमिमा ह्यालिडेले सन् १९६१ मा व्याकरण सिद्धान्तका

कोटिहरू लेखमार्फत आफ्ना व्याकरणिक दृष्टिकोणहरू प्रस्तुत गर्दै *मान तथा कोटि व्याकरणको सिद्धान्त(१९६१)* कृतिका माध्यमबाट व्यवस्थापरक व्याकरणको स्थापना गरेका हुन् । समय क्रममा विभिन्न नामले चिनिए पनि भाषाको विश्लेषण गर्दा निश्चित सैद्धान्तिक कोटिलाई आधार बनाएर भाषामा प्रचलित व्याकरणिक व्यवस्थाको विश्लेषण गर्ने भएकाले यसलाई व्यवस्थापरक व्याकरण भनिएको हो ।

व्यवस्थापरक व्याकरणले भाषिक अध्ययन तथा विश्लेषणका सन्दर्भमा संरचनावादी अध्ययन पद्धतिकै नवसंस्करणका रूपमा केही नवीन तथा मौलिक मान्यताहरू स्थापित गरेको छ । ह्यालिडेको *मान तथा कोटि व्याकरणको सिद्धान्त(१९६१)* कृतिका माध्यमबाट स्थापित भाषा विश्लेषणका सिद्धन्तकै अध्ययनमा केन्द्रित भएकाले प्रस्तुत अध्ययनमा ह्यालिडेको व्यवस्थापरक व्याकरणको सिद्धान्तलाई नै प्रमुख सैद्धान्तिक आधार मानिएको छ । यस लेखमा प्रस्तुत गरिएका आधारभूत सैद्धान्तिक अवधारणाका रूपमा  भाषाका कार्यमूलक तह र अर्न्ततह, भाषा विश्लेषणका सैद्धान्तिक र वर्णनात्मक कोटि, भाषिक सामग्री विशेषणका मानहरू अनि भाषाका कार्यमूलक घटकहरूको विश्लेषणका माध्यमबाट यो व्याकरणिक सम्प्रदायका आधारभूत मान्यताको प्रतिपादन गरिएको छ । यस अर्थमा ह्यालिडेको मान तथा कोटि व्याकरणको सिद्धान्तलाई नै प्रस्तुत प्रमुख सैद्धान्तिक आधार मानिएको छ ।

व्यवस्थापरक व्याकरणको परिचय

व्यवस्थापरक व्याकरण संरचनात्मक भाषावैज्ञानिक अध्ययनकै श्रृङ्खलामा विकसित भएको व्याकरणिक सम्प्रदाय हो । बेलायती भाषाशास्त्री ह्यालिडेले आफ्ना गुरु जे. आर. फर्थका दृष्टिकोणको पृष्ठभूमिमा व्यवस्थापरक व्याकरणको थालनी गरेका हुन् । फर्थले भाषाका विभिन्न विकल्पहरूमध्ये विशिष्ट प्रकार्यका लागि विशिष्ट विकल्पको चयन गर्ने व्यवस्था हुन्छ भनेका कुरालाई आधार मानेर उनका शिष्य ह्यालिडेले व्यवस्थापरक व्याकरणको स्थापना गरेका हुन् ।  फर्थका भाषा चिन्तनको पृष्ठभूमिमा ह्यालिडेले सन् १९६१ मा व्याकरण सिद्धान्तका कोटिहरू लेखमार्फत आफ्ना व्याकरणिक दृष्टिकोणहरू प्रस्तुत गर्दै *मान तथा कोटि व्याकरणको सिद्धान्त(१९६१)* कृतिका माध्यमबाट व्यवस्थापरक व्याकरणको स्थापना गरेका हुन् (न्यौपाने र अन्य, २०६७, पृ. ११७) । भाषाशास्त्री मेलिनोम्स्कीको भाषिक अर्थ प्रसङ्गबाट निर्धारण हुन्छ भन्ने दृष्टिकोणको आधारमा फर्थले लेखेको स्थितिको प्रसङ्ग कृतिमा व्यक्त विचारको पृष्ठभूमिमा भाषा विश्लेषणका विविध सन्दर्भलाई समेटेर ह्यालिडेले व्यावस्थापरक व्याकरणको स्थापना गरेका हुन् । समयक्रममा यस सम्प्रदायलाई म्याकिन्तोस, क्याटफोर्ड, स्टेभेन्स, स्कट, हड्सन, सिन्क्लेयर, बेरी लगायतका भाषाशास्त्रीहरूले अगाडि बढाए (बन्धु, २०६४,

पृ. १२३) । समयक्रममा थुप्रै भाषाशास्त्रीहरूको योगदान रहेपनि मूलतः ह्यालिडेकै व्याकरणमा यो सम्प्रदायका आधारभूत मान्यता केन्द्रित छन् ।

व्यवस्था भनेको कुनै पनि भाषाको व्याकरणिक व्यवस्थामा उपलब्ध विकल्पहरूको समुच्चता हो । व्यवस्थापरक व्याकरणले भाषिक विश्लेषणको सन्दर्भमा कुनै पनि भाषाको व्याकरणमा उपलब्ध भाषिक व्यवस्थाको विश्लेषणमा जोड दिन्छ । भाषिक प्रयोगका सन्दर्भमा व्याकरणमा उपलब्ध विभिन्न विकल्पहरूमध्ये उपयुक्त विकल्पको छनोट गरिन्छ । यसलाई व्यवस्थापरक व्याकरणले माप तथा कोटि सिद्धान्तका आधारमा व्याख्या गरेको छ । ध्वनिदेखि वाक्यसम्मका विभिन्न भाषिक एकाइलाई मापका रूपमा लिइएको छ भने कोटिअन्तर्गत लिङ्ग, वचन, पुरुष आदि व्याकरणिक कोटिलाई लिइएको छ । यी माप तथा कोटिको विश्लेषणका लागि एकाइ, संरचना, वर्ग र व्यवस्था जस्ता सैद्धान्तिक कोटिका आधारमा कुनै पनि भाषामा उपलब्ध व्याकरणिक व्यवस्थाका समग्र पक्षको विश्लेषण गर्ने कुरामा व्यवस्थापरक व्याकरणले जोड दिएको छ । भाषाको विश्लेषण गर्दा निश्चित सैद्धान्तिक कोटिलाई आधार बनाएर भाषामा प्रचलित व्याकरणिक व्यवस्थाको विश्लेषण गर्ने भएकाले यसलाई व्यवस्थापरक व्याकरण भनिएको हो ।

समयक्रमअनुसार व्यवस्थापरक व्याकरणलाई विभिन्न नामबाट चिनाइएको छ । यसलाई फर्थका भाषिक चिन्तनका पृष्ठभूमिमा विकसित भएकाले नवफर्थवाद भनिन्छ । फर्थको प्रमुख सिद्धान्त स्थितिको प्रसङ्ग( **context of situation**) हो । उनले भाषिक अर्थको विश्लेषण प्रसङ्गका आधारमा मात्र हुन सक्छ, भाषाको अध्ययन संरचना र व्यवस्था छुट्याएर गर्नुपर्छ, भाषिक व्यवस्थामा वस्तुगत, रूपगत र सन्दर्भगत तीन तह हुन्छन्,शब्दको अर्थगत सान्निध्यता र विरोधको विश्लेषण सान्निध्यताको सिद्धन्तका आधारमा गर्न सकिन्छ भन्ने जस्ता मान्यताका पृष्ठभूमिमा फर्थकै शिष्य ह्यालिडेले यो सिद्धान्तको स्थापना गरेकाले यसलाई नवफर्थवाद भनिएको हो । फर्थले शब्दका वाच्यार्थमा विश्वास नगरी सहप्रयोगका आधारमा शब्दार्थको अध्ययन गर्ने सिद्धान्त विशेषलाई सान्निध्यताको सिद्धान्त भनिन्छ (न्यौपाने, २०५१, पृ. ३८४) । व्यवस्थापरक व्याकरण ह्यालिडेको माप तथा कोटि व्याकरणको सिद्धान्तका रूपमा स्थापित भएको र यो सिद्धान्त प्रवर्तनका सन्दर्भमा ह्यालिडेले माप(भाषिक एकाइ) र कोटि(व्याकरणिक कोटि)का आधारमा भाषाको विश्लेषण गर्नुपर्छ भन्ने धारणा राखेकाले यो सिद्धान्तलाई माप तथा कोटि व्याकरणको सिद्धान्त भनिएको छ (पौड्याल, २०६७, पृ. ९१) । यो व्याकरणलाई व्यवस्था विकल्प सिद्धान्तका रूपमा पनि चिनाइएको छ । कुनै पनि भाषामा छनोटका उपलब्ध विकल्पमध्ये एक पटकमा एक विकल्पको चयन हुन्छ र सोही आधारमा भाषाको विश्लेषण गरिनुपर्छ भन्ने मान्यताका साथ व्यवस्थापरक व्याकरण स्थापना चयनको उपलब्धता वा विकल्पको समुच्चतालाई व्यवस्थाका रूपमा व्याख्या

गरिएकाले यसलाई व्यवस्था विकल्प सिद्धान्त भनिएको हो । भाषिक व्यवस्थाको विश्लेषण गर्ने सन्दर्भमा एकाइ, संरचना, वर्ग र व्यवस्थाजस्ता सैद्धान्तिक कोटि र वर्णनात्मक कोटिका रूपमा भाषा विशेषका अनेक पक्षको विश्लेषणमा जोड दिएर भाषिक व्यवस्थाभित्रका अनेक विकल्पहरूको विश्लेषण यो सिद्धान्तमा गरिन्छ । यो सिद्धान्तलाई व्यवस्थापरक प्रकार्यात्मक सिद्धान्त पनि भनिएको छ । व्यवस्थाभित्रका विकल्पहरूको छनौट खास प्रयोजन वा प्रकार्य पूरा गर्नका लागि गरिने र रूपात्मक व्यवस्था तथा सामाजिक व्यवहार पूरा गर्ने प्रकार्य समेतलाई आत्मसात गरेकाले यसलाई व्यवस्थापरक प्रकार्यात्मक सिद्धान्त भनिएको हो (पौड्याल, २०६७, पृ. १०६) । यो व्याकरणलाई वर्ग र संरचना व्याकरण पनि भनिएको छ । भाषाको संरचनाको वर्णनमा विशेष जोड दिएको हुनाले यसलाई वर्ग र संरचना व्याकरण भनिएको हो (बन्धु, २०६४, पृ. १२३) । समयक्रममा यी विभिन्न नामबाट चिनिए पनि यो व्याकरणिक सम्प्रदाय मूलतः भाषिक व्यवस्थाको विश्लेषणमै बढी केन्द्रित भएकाले यसलाई व्यवस्थापरक व्याकरणकै रूपमा चिनिन्छ । यो व्याकरणमा व्यवस्था भन्नाले कुनै पनि भाषाको व्याकरणमा उपलव्ध विकल्पहरूका सूचीमध्ये कुनै एउटा विकल्पको छनौट हो र यस प्रकारका विकल्पहरूको व्यवस्थापन तथा प्रकार्यको विश्लेषणमा केन्द्रित भएकाले यो व्याकरणलाई व्यवस्थापरक व्याकरण भनिएको हो ।

समग्रमा भन्नुपर्दा भाषाको विश्लेषणमा सामाजिक सन्दर्भको प्रयोग गर्ने, वस्तु रूप र स्थितिजस्ता कार्यमूलक तह तथा अर्न्ततहका माध्यमबाट भाषिक संरचनाको सूक्ष्म विश्लेषण गर्ने, भाषिक व्यवस्थाको विश्लेषण गर्ने सन्दर्भमा सैद्धान्तिक र वर्णनात्मक कोटिका माध्यमबाट भाषिक व्यवस्थाको सूक्ष्म विश्लेषण गर्ने र भाषाका प्रकार्यात्मक पक्षको समेत विश्लेषण गर्ने व्याकरणिक सम्प्रदायका रूपमा व्यवस्थापरक व्याकरण स्थापित छ ।

यवस्थापरक व्याकरणका प्रमुख मान्यता

व्यवस्थापरक व्याकरण संरचनात्मक भाषाविज्ञानको अध्ययन श्रृङ्खलामा विकसित भएको व्याकरणिक सम्प्रदाय हो । बेलायती भाषाशास्त्री ह्यालिडेले आफ्ना गुरु जे. आर. फर्थका दृष्टिकोणको पृष्ठभूमिमा व्यवस्थापरक व्याकरणको थालनी गरेका हुन् । फर्थले भाषाका विभिन्न विकल्पहरूमध्ये विशिष्ट प्रकार्यका लागि विशिष्ट विकल्पको चयन गर्ने व्यवस्था हुन्छ भनेका कुरालाई आधार मानेर उनका शिष्य ह्यालिडेले व्यवस्थापरक व्याकरणको स्थापना गरेका हुन् । संरचनात्मक भाषाविज्ञानकै अध्ययन श्रृङ्खलामा विकसित भए तापनि सामाजिक सन्दर्भमा भाषाको विश्लेषण गर्दै भाषाको सामाजिक प्रकार्यको खोजी गर्ने, वस्तु रूप र स्थितिका आधारमा भाषिक संरचनाको सूक्ष्म विश्लेषण गर्ने, सैद्धान्तिक र वर्णनात्मक कोटि र तिनीहरूलाई एक अर्कामा

छुट्याउने मानका आधारमा भाषिक व्यवस्थाको सूक्ष्म विश्लेषण गर्ने, समग्र भाषिक पाठको विश्लेषणका लागि आनुभाविक, तार्किक, अन्तर्वैयक्तिक र पाठात्मक घटकसम्बन्धी धारणा प्रस्तुत गर्नेजस्ता कुराहरू यो सम्प्रदायका मौलिक दृष्टिकोण देखिन्छन् । व्यवस्थापरक व्याकरणका यिनै मौलिक पक्षहरूको केन्द्रीयतामा यो सम्प्रदायका प्रमुख मान्यता तथा विशेषताहरूलाई विभिन्न बुँदामा प्रस्तुत गर्न सकिन्छः

भाषाका तीन प्राथमिक कार्यमूलक तह र तिनलाई जोड्ने अन्तरतह हुन्छन् ।

व्यवस्थापरक व्याकरणमा भाषिक संरचनाको सूक्ष्म विश्लेषणदेखि सामाजिक सन्दर्भसमेतको विश्लेषण गर्ने सन्दर्भमा भाषाका कार्यमूलक तह र तिनलाई जोड्ने अर्न्ततहको विश्लेषण गरिएको छ। प्राथमिक कार्यमूलक तहअन्तर्गत वस्तु(औच्चार्य र लेख्य वस्तु), रूप( व्याकरण र शव्दभण्डार) र स्थितिको चर्चा गरिएको छ। वस्तु भाषाका भौतिक सामग्री हुन् । यसअन्तर्गत औचार्य वस्तु(ध्वनि) र लेख्य वस्तु(वर्ण वा लिपि) पर्दछन् । यी भौतिक चित्र वा वस्तुको अध्ययन वर्णविज्ञान र लिपिविज्ञानमा गरिन्छ । भाषाका भौतिक वस्तुहरूको अर्थपूर्ण संयोजन रूप हो । यसअन्तर्गत व्याकरण र शब्दभण्डार पर्दछन् । स्थिति भनेको भाषाको प्रयोगसन्दर्भ वा सामाजिक परिवेश हो । प्रयोगसन्दर्भकै आधारमा भाषा अर्थपूर्ण हुने कुरा व्यवस्थापरक व्याकरणमा उल्लेख गरिएको छ । यसलाई कथ्य विषय, तत्कालिक स्थिति र व्यापक स्थितिका रूपमा चर्चा गरिएको छ (बन्धु, २०६४, पृ. १२७) । भाषाका कार्यमूलक तहअन्तर्गत भाषाका सूक्ष्म ध्वन्यात्मक स्वरूपदेखि सामाजिक परिवेश वा सन्दर्भसम्मका विषयहरू पर्दछन् ।

भाषाका कार्यमूलक तहलाई एक अर्कामा अन्तरसम्बन्धित तुल्याउँने अन्तरतहका रूपमा वर्ण वा लिपि र सन्दर्भको चर्चा व्यवस्थापरक व्याकरणमा गरिएको छ। वस्तुलाई रूपसँग जोड्ने काम वर्ण वा लिपिले गर्दछ र रूपलाई स्थितिसँग जोड्ने काम प्रसङ्गले गर्दछ। वस्तु र रूपलाई अन्तरसम्बन्धित तुल्याउँने वर्ण वा लिपिको अध्ययन वर्णविज्ञान वा लिपिविज्ञानमा गरिन्छ भने रूप र स्थितिलाई जोड्ने सन्दर्भको अध्ययन अर्थविज्ञानअन्तर्गत गरिन्छ। भाषाका कार्यमूलक तह र तिनलाई जोड्ने अर्न्ततहलाई निम्नानुसारको तालिकाबाट स्पष्ट पार्न सकिन्छः

| वस्तु | वस्तु र रूपको सम्बन्ध | रूप | रूप र स्थितिको सम्बन्ध | स्थिति |
|---|---|---|---|---|
| औच्चार्य ध्वनि | वर्ण वा लिपि | व्याकरण तथा शब्दभण्डार | सन्दर्भ | सामाजिक परिवेश |

यसरी भाषाका कच्चा पदार्थका सूक्ष्म तह औच्चार्य ध्वनिदेखि सामाजिक सन्दर्भसम्मको आपसी अन्तरसम्बन्धको अध्ययन गर्नुपर्छ भन्ने मान्यता व्यवस्थापरक व्याकरणको रहेको छ ।

चार सैद्धान्तिक कोटि र ती सैद्धान्तिक कोटिअन्तर्गतका वर्णनात्मक कोटिलाई भाषाको विश्लेषणका आधार मान्नुपर्छ ।

व्यवस्थापरक व्याकरणले भाषाका विविध पक्षको विश्लेषण एकाइ, संरचना, वर्ग र व्यवस्था जस्ता चार सैद्धान्तिक कोटिका आधारमा गरिनुपर्छ भन्ने मान्यता राख्दछ । त्यसैले भाषाको विश्लेषण गर्ने प्रमुख सिद्धान्तका रूपमा चार सैद्धान्तिक कोटिको चर्चा व्यवस्थापरक व्याकरणमा गरिएको छ । संसारका जुनसुकै भाषाको विश्लेषण गर्ने सार्वभौम सिद्धान्तका रूपमा सैद्धान्तिक कोटिको चर्चा गरिएको छ भने यी सैद्धान्तिक कोटिका आधारमा कुनै पनि भाषाका विशिष्ट वर्णनात्मक कोटिको विश्लेषण गर्नुपर्छ भन्ने मान्यता यो व्याकरणले राख्दछ । यो व्याकरणमा चार सैद्धान्तिक कोटिअन्तर्गत विभिन्न वर्णनात्मक कोटिको चर्चा गरिएको छ । यसलाई निम्नानुसारको तालिकामा स्पष्ट पारिएको छः

| सैद्धान्तिक कोटि | वर्णनात्मक कोटि |
|---|---|
| १.एकाइ | १.रूप, पद, पदावली, उपवाक्य,वाक्य |
| २.संरचना | २.उद्देश्य–विधेय, विशेषण–विशेश्य..... |
| ३.वर्ग | ३.नामिक, क्रियात्मक, क्रियाविशेषणात्मक... |
| ४.व्यवस्था | ४. लिङ्ग, वचन, पुरुष, आदर..... |

उल्लेखित सैद्धान्तिक र वर्णनात्मक कोटिहरूमध्ये सैद्धान्तिक कोटि भाषा विश्लेषणका सार्वभौम सिद्धन्त भएकाले सबै भाषामा समान हुन्छन् भने वर्णनात्मक कोटि भाषाअनुसार फरक फरक हुन्छन् । उदाहरणका लागि सबै भाषामा लिङ्ग, वचन, पुरुषको व्यवस्था हुन्छ तर यसका प्रकार भाषाअनुसार फरक फरक हुन सक्छन् । भाषा विश्लेषणका सैद्धान्तिक आधारस्वरूप चर्चा गरिएका चार सैद्धान्तिक कोटि र ती सैद्धान्तिक कोटिअन्तर्गतका वर्णनात्मक कोटिहरूको निम्नानुसार चर्चा गरिएको छः

क) एकाइ

कुनै पनि भाषाको व्याकरणिक व्यवस्थामा रहेका भाषिक एकाइहरूको विश्लेषण गर्ने सैद्धन्तिक कोटिलाई व्यवस्थापरक व्याकरणमा एकाइका रूपमा चर्चा गरिएको छ । यो सैद्धान्तिक कोटिले भाषाको सबैभन्दा तल्लो एकाइदेखि माथिल्लो एकाइसम्मको विस्तारको अध्ययन विश्लेषण गर्दछ । संसारका जुनसुकै भाषामा पनि भाषिक

एकाइको व्यवस्था हुन्छ र ती एकाइहरू भाषिक संरचनामा के कसरी प्रयोग हुन्छन् अथवा भाषिक व्यवस्थामा के कति एकाइहरू छन् भन्ने कुराको वर्णन तथा विश्लेषण गर्ने काम एकाइ सिद्धान्तका आधारमा गरिन्छ । संसारका सबै भाषा भाषिक एकाइको क्रमिक संरचनामा विस्तार हुन्छन् तर सबै भाषामा भाषिक एकाइको सङ्ख्या एउटै हुँदैन । जस्तो कि नेपाली भाषाको सन्दर्भमा रूप, पद, पदावली(पदसमूह), उपवाक्य, वाक्यजस्ता एकाइहरू छन् भने चिनियाँ भाषामा एकाइका रूपमा शब्द र वाक्यमात्र रहेका छन् (पौड्याल, २०६७, पृ. ९७) । भाषिक व्यवस्थामा रहेका यस प्रकारका भाषिक एकाइहरूको वर्णन विश्लेषण र आपसी अन्तरसम्बन्धको अध्ययन एकाइ सैद्धान्तिक कोटिअन्तर्गत गरिन्छ भन्ने मान्यता व्यवस्थापरक व्याकरणको रहेको छ । यो सैद्धान्तिक कोटिअन्तर्गत भाषा विशेषमा प्रचलित तल्लोदेखि माथिल्लो तहसम्म रहेका विशिष्ट व्याकरणिक कोटिहरू वर्णनात्मक कोटि हुन् । नेपाली भाषाका सन्दर्भमा रूप, पद, पदावली, उपवाक्य, वाक्यजस्ता एकाइहरू वर्णनात्मक कोटि मानिन्छन् । भाषा विशेषमा रहेका यस प्रकारका वर्णनात्मक कोटिहरूको अध्ययन विश्लेषण एकाइ सैद्धान्तिक कोटिका आधारमा गरिन्छ भन्ने मान्यता व्यवस्थापरक व्याकरणको रहेको छ ।

ख) संरचना

संरचना भनेको दुई वा दुईभन्दा बढी भाषिक एकाइको योगबाट निर्मित बनोट हो । भाषा एक संरचना हो र भाषिक एकाइहरू त्यसका संरचक घटक हुन् । भाषिक व्यवस्थामा भाषिक एकाइहरूको संरचनात्मक विशिष्टताको अध्ययन, विश्लेषण तथा वर्णन गर्ने सैद्धान्तिक कोटिका रूपमा व्यवस्थापरक व्याकरणले संरचनालाई सार्वभौम सैद्धान्तिक कोटि मानेको छ । व्यवस्थावादीहरूले भाषाका तल्ला एकाइबाट हुने माथिल्ला एकाइको बनोटलाई संरचना मान्दछन् । नेपाली भाषाका सन्दर्भमा वाक्यलाई पूर्ण संरचना मान्दा उपवाक्य संरचक घटक, उपवाक्यलाई पूर्ण संरचना मान्दा पदावलीलाई संरचक घटक मान्दै भाषाको माथिल्लो एकाइदेखि तल्लो एकाइसम्मको संरचनात्मक विशिष्टता केलाउने सैद्धान्तिक कोटिका रूपमा संरचनालाई लिइन्छ । पदावली संरचनाका सन्दर्भमा पदावली शीर्ष(हेड) र विशेषक (स्पेसिफायर) बाट बनेको हुन्छ । यसर्थ पदावलीका संरचक भनेका शीर्ष र विशेषक हुन् । पदावलीअन्तर्गत आउने मुख्य पद शीर्ष हो भने विशेषक भनेको त्यसैको विस्तारकका रूपमा आउने घटक हुन् (गौतम र चौलागाई, २०७०, पृ. २३५) । भाषाका हरेक एकाइको आ–आफ्नै संरचना हुन्छ र त्यो संरचनाको विश्लेषण गर्ने गर्ने सैद्धान्तिक कोटि संरचना हो भन्ने मान्यता व्यवस्थापरक व्याकरणको रहेको छ । संरचना संसारका सबै भाषाको संरचनात्मक पक्षको विश्लेषण गर्ने सैद्धन्तिक कोटि हो भने भाषा विशेषमा जे जस्ता विशिष्ट संरचनात्मक व्यवस्था छन्, ती वर्णनात्मक कोटिअन्तर्गत पर्दछन् । नेपाली भाषाका सन्दर्भमा उद्देश्य–विधेय, विशेषण–विशेष्य, भेदक–भेद्य, पदावलीका

विशेषक र शीर्षपदका संरचना आदि वर्णनात्मक कोटि हुन् । यस प्रकारका संरचनात्मक विशिष्टताको विश्लेषण संरचना सैद्धान्तिक कोटिले गर्दछ भन्ने मान्यता व्यवस्थापरक व्याकरणको रहेको छ ।

ग) वर्ग

भाषा विशेषका पदवर्गीय व्यवस्थाको अध्ययन विश्लेषण गर्ने सैद्धान्तिक कोटिलाई व्यवस्थापरक व्याकरणमा वर्गका रूपमा चर्चा गरिएको छ । भाषिक संरचनामा आएर उस्तै किसिमको प्रकार्य पूरा गर्ने भाषिक सामग्रीलाई वर्ग भनिएको छ । भाषिक संरचनाभित्र कार्यका आधारमा गरिने भाषिक शब्दहरूको बर्गीकरणलाई आधुनिक भाषाविज्ञानमा वाक्यात्मक कोटि वा पदविभाग पनि भनिएको छ (भुसाल, २०७०, पृ. १४१) । व्यवस्थावादीहरूले यसलाई भाषिक सामग्रीको सेट(**linguistic item**)भनेका छन् । व्यवस्थावादीहरूले वर्गलाई नामिक वर्ग, क्रियात्मक वर्ग, क्रियाविशेषणात्मक वर्गका रूपमा विभाजन गरी नामिक वर्गअन्तर्गत नाम, सर्वनाम, विशेषण अथवा उद्देश्य,कर्म र पूरक, क्रियात्मक वर्गअन्तर्गत घटना, कार्य र अवस्था जनाउने पद अनि क्रियाविशेषणात्मक वर्गअन्तर्गत कार्यव्यापारको समय, रीति, स्थान आदि जनाउने पदका रूपमा चर्चा गरेका छन् । वर्ग सिद्धान्तका आधारमा भाषा विशेषका पदवर्गीय भूमिकासँग सम्बन्धित पक्षको विश्लेषण गरिनुपर्छ भन्ने मान्यता व्यवस्थापरक व्याकरणको छ । संसारका जुनसुकै भाषामा रहेका पदवर्गसम्बन्धी विशिष्ट व्यवस्था यसका वर्णनात्मक कोटि हुन् नेपाली भाषाका सन्दर्भमा नाम, सर्वनाम, विशेषण, क्रिया र अव्ययजस्ता पदवर्गहरू यसका वर्णनात्मक कोटि हुन् । भाषा विशेषमा यस प्रकारका वर्णनात्मक कोटिहरू फरक फरक हुन सक्छन् र जे जस्ता वर्णनात्मक कोटिहरू विद्यमान छन्, तिनको अध्ययन विश्लेषण यो सैद्धान्तिक कोटिअन्तर्गत गरिन्छ भन्ने मान्यता व्यवस्थापरक व्याकरणको रहेको छ ।

घ) व्यवस्था

व्यवस्थाले भाषाको व्याकरणिक व्यवस्थालाई जनाउछ । भाषाको वर्णनका निम्ति आधारस्वरूप रहेको सबैभन्दा महत्त्वपूर्ण सैद्धान्तिक कोटि व्यवस्था हो । यसैका आधारमा यो सिद्धान्तको नाम व्यवस्थापरक व्याकरण राखिएको हो । यसमा व्यवस्था भनेर कुनै पनि भाषाको व्याकरणमा उपलब्ध छनोटको सूचीलाई लिइएको छ ( बन्धु, २०६४, पृ. १३१) । यस अर्थमा कुनै पनि भाषाको व्याकरणमा उपलब्ध छनोटको सूची वा विकल्पहरूको समूह नै व्यवस्था हो । नेपाली भाषाको सन्दर्भमा लिङ्ग(पुलिङ्ग र स्त्रीलिङ्ग), वचन(एकवचन र बहुवचन), पुरुष(प्रथम, द्वितीय र तृतीय पुरुष), आदि व्याकरणिक व्यवस्थाभित्रका छनोटका सूची वा विकल्पहरूको समूह नै व्यवस्था हो । व्यवस्था यस प्रकारका छनोटका विकल्पहरूको अध्ययन विश्लेषण गर्ने सार्वभौम सैद्धान्तिक

कोटि हो भने भाषा विशेषमा रहेका व्याकरणिक कोटिगत विशिष्ट व्यवस्था वा विकल्पका सूचीहरू वर्णनात्मक कोटि हुन् । सैद्धान्तिक कोटिका रूपमा व्यवस्थाअन्तर्गत भाषा प्रयोगका सन्दर्भमा छनोट गरिने व्यवस्था विकल्पको अध्ययन विश्लेषण गरिनुपर्छ भन्ने मान्यता व्यवस्थापरक व्याकरणको रहेको छ ।


सैद्धान्तिक कोटि तथा भाषिक सामग्रीको विश्लेषण श्रेणी, सूक्ष्मता,गम्भीरता र प्रतिपादनजस्ता मानका आधारमा गर्नुपर्छ ।

भाषिक सामग्री तथा भाषाका सैद्धान्तिक र वर्णनात्मक कोटिहरूको अध्ययन विश्लेषण गर्ने मानका रूपमा व्यवस्थापरक व्याकरणमा श्रेणी, सूक्ष्मता,गम्भीरता र प्रतिपादनजस्ता चार मानको चर्चा गरिएको छ । ह्यालिडेले भाषिक सामग्रीको विश्लेषणका निम्ति प्रस्तुत गरेका उल्लेखित मान र भाषा विश्लेषणका आधारस्वरूप प्रस्तुत गरिएका सैद्धान्तिक तथा वर्णनात्मक कोटिका आधारमा आफ्नो व्याकरणलाई मान तथा कोटि व्याकरण नामकरण गरेका हुन् (बन्धु, २०६४, पृ. १३४) । व्यवस्थापरक व्याकरणमा यिनै चार मानका आधारमा सैरूान्तिक कोटिसँग सम्बन्धित भाषिक सामग्रीको विश्लेषण गरिनुपर्छ भन्ने मान्यता प्रस्तुत गरिएको छ । भाषिक सामग्री तथा सैद्धान्तिक कोटिको विश्लेषण गर्ने ती चार मानलाई निम्नानुसार चिनाइन्छः

क) श्रेणी

एकाइका रूपमा प्रयोग भएका भाषिक सामग्रीलाई क्रमिक श्रृङ्खलामा जोड्ने मानलाई

व्यवस्थापरक व्याकरणमा श्रेणीका रूपमा चर्चा गरिएको छ । यसले भाषिक एकाइको श्रृङ्खलाबद्ध क्रमलाई जनाउँछ । रूपार्थपरक व्याकरणमा सोपानक्रमिक सम्बन्धका रूपमा चर्चा गरिएको विषयलाई यसमा श्रेणी मानका रूपमा प्रस्तुत गरिएको छ। भाषिक संरचनामा प्रत्येक साना तथा तल्ला एकाइबाट ठूला तथा माथिल्ला एकाइको निर्माण भएको हुन्छ । व्यवस्थापरक व्याकरणमा सबैभन्दा माथिल्लो श्रेणी वाक्य र सबैभन्दा तल्लो श्रेणी रूपलाई मानेर भाषिक संरचनामा सानादेखि ठूला एकाइबीचको श्रृङ्खलाबद्ध सम्बन्धलाई देखाउने काम श्रेणी मानअन्तर्गत गरिन्छ । व्याकरणिक एकाइलाई श्रेणीमानका आधारमा निम्नानुसार देखाइन्छः



रूप

यसरी भाषिक सामग्रीलाई ठूलोदेखि सानो वा सानोदेखि ठूलोको क्रमिक श्रृङ्खलामा छुट्याएर देखाउने मानका रूपमा श्रेणीको चर्चा गरिएको छ ।

ख) सूक्ष्मता

भाषिक सामग्री तथा भाषिक एकाइको विश्लेषण गर्ने क्रममा अर्थगत गहिराइको तहसम्म पुगेर विश्लेषण गर्ने मानलाई व्यवस्थापरक व्याकरणमा सूक्ष्मता भनिएको छ । भाषिक विश्लेषणका सन्दर्भमा बढी भन्दा बढी सूक्ष्मता वा गहिराइमा जाने क्रममा सूक्ष्मतर हुँदै जाने प्रक्रिया नै सूक्ष्मताको मान हो (बन्धु, २०६४, पृ. १३५) । यसबाट विषयवस्तुको विश्लेषण कति गहिराइसम्म पुगेको छ भन्ने कुरा थाहा हुन्छ । यसले अर्थको सूक्ष्मातिसूक्ष्म भेदको प्रतिपादन गर्दछ । सूक्ष्मताको गहिराइलाई तहगत रूपमा विश्लेषण गर्दै भाषिक सामग्री वा तथ्यको गहिराइसम्म पुग्न यस प्रकारको विश्लेषण महत्त्वपूर्ण हुन्छ ।

यस प्रकारको विश्लेषणमा तथ्यको प्रारम्भिक बर्गीकरण वा वर्णनलाई प्राथमिक सूक्ष्मता र प्राथमिक वर्गीकरण पछिका भेद उपभेद वा सूक्ष्म भेदको प्रतिपादनलाई परवर्ती सूक्ष्मता भनिन्छ । तथ्यको विश्लेषण गर्दा पहिलो तहमा प्राथमिक सूक्ष्मताको प्रतिपादन गरिन्छ भने त्यस पछिका विभिन्न तहमा परवर्ती सूक्ष्मताको गहिराइलाई देखाइन्छ । यसलाई तलको उदाहरणमा देखाउन सकिन्छः

जस्तैः महिला–नाम पद(पहिलो तह)
–जातिवाचक(दोस्रो तह)
–मानवीय(तेस्रो तह)

यसरी कुनै पनि तहका भाषिक एकाइलाई सूक्ष्मताको मानका आधारमा विश्लेषण गर्दै तथ्यको गहिराइसम्म पुग्न सकिने मान्यता व्यवस्थापरक व्याकरणमा रहेकोछ ।

ग) गम्भीरता

भाषिक संरचनाको जटिलताको विश्लेषण गर्ने मानलाई व्यवस्थापरक व्याकरणमा गम्भीरता भनिएको छ । प्रारम्भमा गम्भीरतालाई सूक्ष्मताभित्रै समेटेर चर्चा गरिएको थियो र पछि हडलस्टले यसलाई स्वतन्त्र मानका रूपमा चर्चा गरेका हुन् (बन्धु, २०६४, पृ. १३५) । भाषिक संरचनालाई गम्भीर, गम्भीरतर र गम्भीरतम्

संरचनाका रूपमा देखाउँदै  भाषिक संरचनाको जटिलताको स्तरको गहिराइसम्म पुग्ने मानका रूपमा यसलाई लिइन्छ ।


जस्तैः म घर जान्छु ।– गम्भीर

म घर गएर खाना खान्छु ।–गम्भीररतर

जब म घर जान्छु, तब खाना खान्छु ।–गम्भीरतम्

घ) प्रतिपादन

अर्थलाई विभिन्न सैद्धान्तिक कोटिका आधारमा प्रकाशित गर्ने मान प्रतिपादन हो । भाषाका सैद्धान्तिक कोटि तथा भाषिक सामग्रीले एउटै संरचनाबाट एकै समयमा अनेक अर्थको प्रतिपादन गरिरहेका हुन्छन् ती अर्थ एकाइ, संरचना, वर्ग र व्यवस्था जस्ता सैद्धान्तिक कोटिसँग सम्बन्धित हुन्छन् भन्ने मान्यता व्यवस्थापरक व्याकरणको रहेको छ । जस्तैः




कार्यका आधारमा भाषाका चार कार्यमूलक घटकहरू हुन्छन् ।

व्यवस्थापरक व्याकरणमा भाषिक संरचनामा प्रयुक्त भाषिक एकाइबाट सम्पादन हुने प्रकार्यमूलक भूमिकाको निर्धारणका निम्ति आधारस्वरूप विभिन्न घटकहरूको चर्चा गरिएको छ । यस सन्दर्भमा चार कार्यमूलक घटकका रूपमा विचारको सम्प्रेषण गर्ने आनुभाविक घटक, विचारलाई तार्किक श्रृङ्खलामा जोड्ने तार्किक घटक, सामाजिक सम्बन्धका आधारमा आफ्ना विचार र अनुभूति व्यक्त गर्ने अन्तर्वैयक्तिक घटक, पाठ वा सिङ्गो सङ्कथनलाई संशक्तिका रूपमा विश्लेषण गर्ने पाठात्मक घटकका माध्यमबाट सिङ्गो भाषिक संरचनामा प्रयुक्त भाषिक घटकहरूको कार्यमूलक भूमिकाको विश्लेषण गनुपर्छ भन्ने मान्यता व्यवस्थापरक व्याकरणको रहेको छ । उल्लेखित चार कार्यमूलक घटकलाई निम्नानुसार चर्चा गरिएको छः

क) आनुभाविक घटक

व्यक्तिले विचार प्रकट गर्ने भाषिक अंश आनुभाविक घटक हो । यसले कुनै पनि व्यक्ति, वस्तु, घटना, अवस्था, कार्य आदिको जनाउ दिने कार्य गर्दछ । जस्तो कि मैले खाना खाएँ वाक्यमा म(व्यक्ति), खाना(वस्तु), खाएँ(कार्य) को जनाउ दिइएकाले यी आनुभाविक घटक हुन् ।

ख) तार्किक घटक

वाक्यात्मक संरचनामा संयोजन, मिश्रण र समानाधीकरण जस्ता वाक्यगत सम्बन्ध हेर्ने घटक तार्किक घटक हो । यसले आनुभविक घटकले चयन गरेका एकाइलाई संयोजन गर्ने कार्य गर्दछ । विचारलाई तार्किक क्रममा जोड्ने अथवा आनुभाविक घटकका रूपमा चयन भएका एकाइलाई संयोजन गर्ने काम तार्किक घटकले गर्दछ । जस्तो कि आज पानी परिरहेको छ तापनि गर्मी घटेको छैन । यो वाक्यमा दुई उपवाक्यमा व्यक्त विचारलाई तार्किक क्रममा जोड्ने तापनि तार्किक घटक हो र यस प्रकारको कार्य तार्किक प्रकार्य हो ।

ग) अन्तर्वैयक्तिक घटक

भाषिक अभिव्यक्तिमा प्रकट भएको सामाजिक सम्बन्ध(सम्बोधन), वृत्ति (सामान्यार्थक, सम्भावनार्थक आदि), कथन(अभिधात्मक,लक्षात्मक)आदि कार्यको बोध गराउने घटकलाई अन्तर्वैयक्तिक घटक भनिएको छ । जस्तो कि आज पानी पर्छ होला भन्ने वाक्यमा प्रयुक्त होला शब्दले वक्ताको सम्भावनार्थक वृत्ति वोध गरेको छ र यस प्रकारको भाषिक प्रकार्य सम्पादन गर्ने घटकलाई अन्तर्वैयक्तिक घटक भनिएको छ ।

घ) पाठात्मक घटक

भाषिक उच्चारलाई एक अर्कासँग आद्योपान्त गाँसेर वाक्यहरूको सम्बन्धलाई संसज्जित तुल्याउने घटकलाई पाठात्मक घटक भनिएको छ । यसले संशक्ति वा वाक्यात्मक संसज्जनलाई जनाउछ । अघिल्लो अभिव्यक्तिलाई पछिल्लो अभिव्यक्तिसँग संसज्जित तुल्याउँदै सिङ्गो सङ्कथन निर्माणको कार्य सम्पादन गर्ने घटक पाठात्मक घटक हो । यसले पाठभित्रका भाषिक एकाइहरू अर्थतात्विक, भाषिक सन्दर्भ, तार्किक दृष्टि र व्यारणात्मक दृष्टिबाट सम्बद्ध छन् वा छैनन् भनेर हेर्दछ ।

व्यवस्थापरक व्याकरणमा माथि उल्लेख गरिएका भाषाका कार्यमूलक तह र अन्र्ततह, भाषा विश्लेषणका सैद्धान्तिक र वर्णनात्मक कोटि, भाषिक एकाइलाई छुट्याउने मानहरू र भाषिक विश्लेषणका कार्यमूलक घटकसम्बन्धी अवधारणामा नै व्यवस्थापरक व्याकरणका आधारभूत अवधारणा तथा मूलभूत मान्यता समाहित हुन्छन् । यी आधारभूत विषयका अतिरिक्त व्यवस्थापरक व्याकरणले आत्मसात गरेका विस्तृत

धारणालाई हेर्दा यो व्याकरणिक सम्प्रदायका अन्य विशेषता तथा मान्यताहरू  निम्न लिखित बुँदामा प्रस्तुत गर्न सकिन्छः

क) व्यवस्थापरक व्याकरणले समकालिक अध्ययनमा जोड दिने भएकाले तत्काल प्रचलित कथ्य वा लेख्य स्वरूपको अध्ययनलाई भाषिक अध्ययनको क्षेत्र मान्दछ ।

ख) भाषिक अर्थको निर्धारण प्रसङ्ग वा परिस्थितिबाट हुने भएकाले भाषाको विश्लेषण प्रसङ्ग निरपेक्ष हुन सक्दैन भन्ने मान्यता राख्दछ ।

ग) भाषालाई सामाजिक सन्दर्भमा हेर्दै भाषाको सामाजिक पक्षको विश्लेषणमा जोड दिन्छ ।

घ) व्याकरणमा उपलब्ध अनेक विकल्पमध्ये उपयुक्त विकल्पको छनोट गर्नु भाषिक व्यवस्था हो र भाषाको विश्लेषण गर्दा उपलब्ध विकल्पको समुच्चतालाई आधार मान्नुपर्छ भन्ने मान्यता राख्दछ ।

ङ) अर्थको विश्लेषणका सन्दर्भमा सामाजिक सन्दर्भ वा प्रसङ्गको उपयोग गरे पनि मूलतः भाषिक संरचनाको वर्णन तथा विश्लेषणमै केन्द्रित हुन्छ ।

च) अनुभव, पूर्वज्ञान तथा सामग्रीको अवलोकनका आधारमा प्राक्कल्पनाको परीक्षणमा जोड दिन्छ ।

छ) अन्य संरचनावादी संप्रदायले जस्तै भाषाको वर्णनात्मक अध्ययनमा जोड दिन्छ ।

ज) भाषाका माध्यमबाट सामाजिक प्रकार्य के कसरी सम्पन्न हुन्छ भन्ने कुराको खोजीमा केन्द्रित हुन्छ ।

झ) भाषिक सार्वभौमिकताभन्दा भाषिक भिन्नताको विश्लेषणमा जोड दिँदै भाषाका प्रयोगगत र शैलीगत भिन्नताको अध्ययनमा जोड दिन्छ ।

ञ) अर्थलाई सान्दर्भिक र रूपात्मक अर्थका रूपमा विश्लेषण गर्दै शब्दको सहप्रयोगका आधारमा अर्थ विश्लेषणका लागि सन्धिान सिद्धान्त महत्त्वपूर्ण मान्दछ ।

ट) भाषिक अध्ययनका सन्दर्भमा अन्य संरचनावादी सम्प्रदायले जस्तै वस्तु, रूप, स्थिति,एकाइ, संरचना सूक्ष्मता गम्भीरता, प्रतिपादन, आनुभाविक घटक आदिजस्ता विशिष्ट प्राविधिक शव्द तथा शव्दावलीको प्रयोग गरेको छ ।

## निष्कर्ष

व्यवस्थापरक व्याकरण बेलायती भाषाशास्त्री फर्थका सैद्धान्तिक तथा वर्णनात्मक अध्ययन अथवा अर्थका सन्दर्भगत कार्य र भाषाको संस्कृतिमा भूमिकासँग सम्बन्धित मेलेनोभ्स्कीको मान्यतामा विकसित स्थितिको प्रसङ्ग कृतिमा व्यक्त दृष्टिकोणको पृष्ठभूमिमा बेलायती भाषाशास्त्री ह्यालिडेले स्थापना गरेको व्याकरणिक सम्प्रदाय हो । फर्थले भाषाका विभिन्न विकल्पहरूमध्ये विशिष्ट प्रकार्यका लागि विशिष्ट विकल्पको चयन गर्ने व्यवस्था हुन्छ भनेका कुरालाई आधार मानेर उनका शिष्य ह्यालिडेले व्यवस्थापरक व्याकरणको स्थापना गरेका हुन् । समयक्रममा नवफर्थवाद, माप तथा कोटि व्याकरणको सिद्धान्त, व्यवस्था विकल्प सिद्धान्त, व्यवस्थापरक प्रकार्यात्मक सिद्धान्त, वर्ग र संरचना व्याकरण जस्ता विविध नामबाट चिनिएको छ। व्यवस्थापरक व्याकरण संरचनात्मक भाषाविज्ञानकै अध्ययन शृङ्खलामा विकसित भए तापनि सामाजिक सन्दर्भमा भाषाको विश्लेषण गर्दै भाषाको सामाजिक प्रकार्यको खोजी गर्ने, वस्तु रूप र स्थितिका आधारमा भाषिक संरचनाको सूक्ष्म विश्लेषण गर्ने, सैद्धान्तिक र वर्णनात्मक कोटि र तिनीहरूलाई एक अर्कामा छुट्याउने मानका आधारमा भाषिक व्यवस्थाको सूक्ष्म विश्लेषण गर्ने, समग्र भाषिक पाठको विश्लेषणका लागि आनुभाविक, तार्किक, अन्तर्वैयक्तिक र पाठात्मक घटकसम्बन्धी धारणा प्रस्तुत गर्नेजस्ता कुराहरू यो सम्प्रदायका मौलिक दृष्टिकोण देखिन्छन् । भाषाका कार्यमूलक तह र अन्र्ततह, भाषा विश्लेषणका सैद्धान्तिक र वर्णनात्मक कोटि, भाषिक एकाइलाई छुट्याउने मानहरू र भाषिक विश्लेषणका कार्यमूलक घटकसम्बन्धी अवधारणामा नै व्यवस्थापरक व्याकरणका आधारभूत अवधारणा देखिन्छन् ।

समग्रमा भन्नुपर्दा भाषाको विश्लेषणमा सामाजिक सन्दर्भको प्रयोग गर्ने, भाषिक व्यवस्थाको विश्लेषण गर्ने सन्दर्भमा सैद्धान्तिक र वर्णनात्मक कोटिका माध्यमबाट भाषिक व्यवस्थाको सूक्ष्म विश्लेषण गर्ने, वस्तु रूप र स्थितिजस्ता कार्यमूलक तह तथा अन्र्ततहका माध्यमबाट भाषिक संरचनाको सूक्ष्म विश्लेषण गर्ने र भाषाका प्रकार्यात्मक पक्षको समेत विश्लेषण गर्ने व्याकरणिक सम्प्रदायका रूपमा व्यवस्थापरक व्याकरण स्थापित भएको छ ।

## सन्दर्भ सूची

गौतम, देवीप्रसाद र चौलागाई, प्रेमप्रसाद(२०६७), *भाषाविज्ञान* दोस्रो संस्करण, काठमाडौंः पाठ्य सामग्री पसल ।

न्यौपाने, टङ्कप्रसाद(२०५१), *भाषाविज्ञानको रूपरेखा,* धरानः नेपाल बुक डिपो ।

न्यौपाने, टङ्कप्रसाद र अन्य(२०७०) *भाषाविज्ञानका प्रमुख सिद्धान्त* दोस्रो संस्करण, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

पौड्याल, शालिकराम(२०६७) *भाषाविज्ञानका प्रमुख सिद्धान्त,*काठमाडौंः भुँडीपुराण प्रकाशन ।

बन्धु, चूडामणि(२०६४), *भाषा विज्ञानका सम्प्रदाय* तेस्रो संस्करण, काठमाडौंः एकता बुक्स डिस्टिब्युटर्स प्रा. लि.।

भुसाल, केशव (२०७०), *सामान्य भाषाविज्ञान,* काठमाडौंः पाठशाला पब्लिकेशन ।